# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### भरतपुर, चितवन

### ३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/७६ सा.प्र.म.शा.
च.नं. ४११५

मिति २०७५/१२/०८

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/१२/०७ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

...........................
(अर्जुन पौडेल)
शाखा अधिकृत

**बोधार्थः**

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्नु हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 520863, 52

## भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको २६औं बैठकका निर्णयहरु

### (२०७५ चैत्र ७ गते)

१. चालु आ.ब. ०७५/७६ को दोश्रो चौमासिक अवधिमा सम्पादित कामहरुको महाशाखागत प्रगतिका सम्बन्धमा बैठकलाई जानकारी गराइयो ।

२. आगामी आ. ब. २०७६/०७७ को बजेट तथा कार्यक्रमको कार्यतालिका सम्बन्धमा बैठकलाई जानकारी गराउनुको साथै कार्यतालिका अनुसार आवश्यक तयारी गर्ने निर्णय गरियो ।

३. गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण स्थल वरपर ३०० मिटरको परिधिमा बन्ने घरहरु बढीमा तीन तलाभन्दा बढी नहुने गरी भवन मापदण्ड कायम गर्ने निर्णय गरियो ।

४. भरतपुर-माडी-ठोरी हुलाकी सडक (महानगरभित्रको खण्ड) को सडक सीमा (RoW) केन्द्र बिन्दुबाट दुवै तर्फ १५/१५ मिटर तथा ६/६ मिटर सेट ब्याक सहित जम्मा सडक अधिकार क्षेत्र ४२ मिटर कायम गर्ने निर्णय गरियो ।

५. भरतपुर महानगरपालिकाको सहकारी संस्था दर्ता निर्देशिका, २०७५ र भरतपुर महानगरपालिकाको सहकारी संघसंस्था संचालन, अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड, २०७५ पारित गरियो। सहकारी संस्थाहरुको अनुगमन सम्वन्धमा हालसम्मको अप्डेट गराउँदै देखिएका प्रमुख जोखिमहरुको सम्बन्धमा बैठकमा पेश भई सुधारका लागि विभिन्न पक्षमा थप सुझाव प्राप्त गरियो ।

६. मिति २०७५ फागुन २९ गते भरतपुर महानगरपालिका र प्रस्तावित नेपाल प्रहरी स्कूल ३ नं. प्रदेश, चितवन बीच भएको सम्झौता अनुमोदन गरियो ।

७. खानी तथा नदीजन्य पदार्थ संकलन, उपयोग र विक्रिवितरण सम्वन्धी कार्यविधि, २०७५ ले गरेको व्यवस्था वमोजिम अनुगमन समितिमा थप एकजना वडाध्यक्ष मनोनित गर्नेगरी कार्यविधिमा संशोधन गर्ने निर्णय गरियो।

८. कक्षा ८ को परीक्षा सञ्चालन सम्वन्धमा भएको तयारी बारे बैठकलाई जानकारी गराउँदै परीक्षालाई थप व्यवस्थित तुल्याउन आ-आफ्ना वडाहरुमा सक्रिय रहन सम्वन्धित वडाध्यक्ष एवं कार्यपालिकाका सदस्य सवैलाई निर्देशन दिइयो ।

९. राजस्व परिचालन सम्बन्धमा गठित टोलीहरुबाट भएको अद्यावधिक विवरण बैठकमा प्रस्तुत हुनुका साथै शुरुवात भई कार्यसम्पन्न हुन बाँकी वडाहरुमा थप १५ दिन म्याद थप गर्ने र अन्य वडाहरुले पनि टोली खटाउने तयारी गरी महानगरपालिकामा सम्पर्क राख्न सूचित गरियो ।

१०. कर्मचारी समायोजन सम्बन्धमा मिति २०७५/१२/०१ गतेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्रको व्यहोरा बैठकमा जानकारी गराइयो ।

११. भरतपुर महानगरपालिकामा रोजगार संयोजक हाजिर भएको र वडागत रुपमा युवा रोजगारी सम्बन्धी निवेदन संकलनका लागि सूचना प्रकाशित गरिने हुँदा आवश्यक समन्वय गर्न सबै वडाहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

१२. गत आर्थिक बर्षका कार्यक्रमहरु सम्पन्न गर्ने म्याद फागुन मसान्तसम्म तोकिएकोमा विभिन्न कारणहरुले गर्दा अध्यावधिक रुपमा पनि कार्यक्रमहरु सुसम्पन्न नभैसकेको हुँदा वडा कार्यालयको सिफारिस समेतका आधारमा एकमुष्ट रुपमा २०७५ चैत्र मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

२०६ ।१९

१३. वडा नं. १६ मा विद्युत जडानका क्रममा ज्यान गुमाएका विद्युत कामदारका परिवारलाई भरतपुर महानगरपालिकाको तर्फबाट रु. २ लाख राहत उपलव्ध गराउने निर्णय गरियो ।

१४. वडा नं. ५ को कार्यालयमा अज्ञात समूहवाट विष्फोट गराई भएको क्षति र उक्त निन्दनीय कार्यका लागि भर्त्सना प्रस्ताव पास गरियो।

अन्य निर्णयहरु:

१. ना. २ झ १६०७ को दूर्घटना ग्रस्त पिक अप मर्मत सम्बन्धमा प्राप्त इस्टिमेट र कानूनी प्रावधान एवं सार्वजनिक खरिद अनुगमन कार्यालयको राय समेतका आधारमा मर्मत लागत इष्टिमेट अधिक प्राप्त भएको र मर्मत गरी दुरुस्त अवस्थामा तयार हुन नसक्ने समेतका आधारमा मर्मत नगरी लिलामी प्रक्रियामा लैजाने निर्णय गरियो ।

२. सरसफाईमा संलग्न ठेकेदार संस्थाको शुल्क प्रतिहप्ता ६ दिनको सट्टा ७ दिन कायम गर्ने सम्बन्धमा सेवामा प्रतिवद्धता सहित वातावरण समितिको निर्णयबाट प्राप्त भएकोमा उक्त प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो । साथै वडा नं २१ मा नमूनाको रुपमा सिन्धु सरसफाई केन्द्र नामक संस्थालाई सरसफाई प्रक्रियामा संलग्न गर्न सहमति दिने निर्णय गरियो ।

३. ढुंगा, गिटी, वालुवाको टेण्डरमा आवेदन गर्ने मध्ये पहिलो स्थानमा परेका बोलपत्रदाताले आफुले सो काम गर्न नसक्ने भनी आवेदन गरेमा दोश्रो वा तेश्रो स्थानमा रहेका बोलपत्रदातालाई सम्झौता गर्न बोलाउने र नआएमा पुन:सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

४. भरतपुर महानगरपालिका, वडा नं. ७ अन्तर्गत ठेक्का नं. Metro/Bhr/SQ/25-074/75, Blacktopped Road Maintenance (गौतम चोकदेखि कटहर चोकसम्मको सडक पीच कार्य) मा प्राविधिकबाट पेश हुन आएको रु. २,९८,३२०।- को Variation Order स्वीकृत गरी आ. ब. २०७५/०७६ को कन्टिजेन्सी रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

५. सामाजिक सुरक्षा अनुगमन मूल्यांकन समितिवाट निर्णय भै प्राप्त केही वडाहरुमा सामाजिक सुरक्षा भत्ता भुक्तानीका लागि छनौटमा परेका वैंकहरुको नाम अनुमोदन गर्ने निर्णय गरियो ।

६. नारायणी टुडे साप्ताहिकको मिति २०७६/०१/०७ गतेहुने १९औं बार्षिकोत्सवको अवसरमा यस महानगरपालिकाका उपप्रमुखलाई विशिष्ट अतिथिको रुपमा वेल्जियम भ्रमणको निम्ति निमन्त्रणा प्राप्त भएकोले उक्त आमन्त्रणलाई स्वीकृत गर्दै महानगरपालिकालाई कुनै आर्थिक दायित्व नपर्ने गरी आवश्यक प्रक्रियाको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

७. भरतपुर महानगरपालिका वडा नं. ३ मा निर्माणाधिन अवस्थामा रहेको Auto Land निर्माण गर्न लागिएको र नारायणी नदी किनारमा सार्वजनिक जमिन रहेकोले सो जमिनका बारेमा सार्वजनिक जमिन पहिचान तथा संरक्षण समितिले Auto Land निर्माणका लागि उपलब्ध गराउने मिति २०७५/१२/४ गतेको निर्णय समेतका आधारमा Auto Land निर्माणका लागि नदी किनारको बढीमा २० विघा जमीन उपलब्ध गराउने निर्णय गरियो ।